**आ.व. ०७७।०७८**
**बैठक:- नगर कार्यपालिका बैठक**
**अध्यक्षता:- नगर प्रमुख अशोक कुमार शाही**

**बैठक नं. १३।०७७।०७८**
**मिति:-२०७७।१०।०८ गते**
**स्थान:- ता.न.पा सभाहल**
**समय:- विहान ८.०० बजे**

**तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री अशोक कुमार शाही ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।**

## उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री बरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | – |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | – |
| श्री राजेन्द्रमुनि शाक्य | वडा अध्यक्ष | ता.न.पा.४ | सदस्य | |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | – |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य | |
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य | |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य | |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य | |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य | |
| श्री डिल्ली राज बेल्वासे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव | |

**आमन्त्रित**

श्री गणेश बहादुर थापा का.वा. वडा अध्यक्ष ता.न.पा ४

श्री विष्णु रेग्मी का.वा. वडा अध्यक्ष ता.न.पा.१५

**निर्णय नं. १**

तानसेन नगरपालिकाको आर्थिक ऐन, २०७७ (पहिलो संशोधन) विधेयक पारित गर्न आठौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तानसेन नगरपालिकाको विनियोजन ऐन, २०७७ (पहिलो संशोधन) विधेयक पारित गर्न आठौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

आर्थिक मामिला तथा योजना मन्त्रालय, लुम्बिनी प्रदेश, बुटवलबाट नारनडाडाँ-बिसडाडाँ-अर्चले-सापाखुम हुदै चण्डी भञ्ज्याङ्ग सडक र भालेबास-छाप-पिपलडाडाँ-तिनाउ सडक सुधार कार्यहरुको अधुरो कार्य सम्पन्न गर्न रु. ३०,२४,४५५।-प्राप्त भएकोले लागत सहभागिता गर्नुपर्ने रकम रु. ३०,२४,४५५।- तानसेन नगरपालिकाको म्याचिङ्ग फण्ड शिर्षकबाट विनियोजन गरी सोही सडक सुधार कार्य गर्न २०७८ जेष्ठ मसान्तसम्म म्याद थप गरी निर्माण कार्य अगाडी बढाउने निर्णय गरीयो ।

**निर्णय नं. ४**

तानसेन नगर कार्यपालिकाको कार्यालयमा सेवारत करार सेवाका कर्मचारीहरुको म्याद मिति २०७७ साल पौष मसान्तमा समाप्त भएकोले सम्बन्धित कर्मचारीहरुको म्याद मिति २०७८ साल आषाढ मसान्तसम्मका लागि थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तानसेन नगर कार्यपालिकाको कार्यालय अन्तर्गत कार्यरत प्राविधिक कर्मचारीहरु कार्यालय समय वाहेक विहान साँझ खटिनुपर्ने हुँदा देहाएका प्राविधिक कर्मचारीहरुलाई निम्नानुसार फिल्ड भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

| | | |
|---|---|---|
| क) ईन्जिनियर | मासिक | रु.६०००।- |
| ख) सव ईन्जिनियर | मासिक | रु.५०००।- |
| ग) अ.सव ईन्जिनियर | मासिक | रु.४०००।- |
| घ) अमिन | मासिक | रु.४०००।- |

**निर्णय नं. ६**

तानसेन नगरपालिकाको मिति २०७७।०७।०३ गते बसेको वैठकको निर्णय अनुसार विभिन्न विकल्पहरुमा विद्यालय सञ्चालन गर्न अनुमति दिएकोमा मिति २०७७।०९।२१ गतेको सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरुको वैठकले हालकै अवस्था विद्यमान रहेमा पुर्णकालीन् रुपमा सवै विद्यार्थीलाई सहभागी गराई १०:००-४:०० वजेसम्म विद्यालय सञ्चालन गर्नका लागि नगर कार्यपालिका समक्ष अनुरोध गर्ने निर्णय भई आएकोले देहाय बमोजिमको मापदण्ड पालना गरी विद्यालय सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।

(क) स्वास्थ्यको मापदण्ड पुर्ण रुपमा पालना गर्ने ।

(ख) सम्वन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय अनिवार्य गर्ने ।

(ख) संक्रमित भएमा भएमा उपचारको समुचित व्यवस्था मिलाउने ।

डिल्ली राज बेल्वासे
प्रमुख प्रशासकिय अधिकृत

नगर प्रमुख
डिल्ली राज बेल्वासे
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

नगर प्रमुख

**निर्णय नं. ७**

तानसेन नगरपालिकाको मिति २०७७०७०३ को वैठकको निर्णय बमोजिम चालु शैक्षिक सत्र २०७७ को लागि संस्थागत विद्यालयहरुले लिने मासिक शुल्क, भर्ना तथा वार्षिक शुल्क कायम गरिएकोमा सबै विद्यालयहरुमा विद्यार्थीहरुको प्रत्यक्ष उपस्थितिमा विद्यालय सञ्चालन गर्ने अनुमति दिइएको हुँदा मिति २०७७ पौष १ गते देखि लागु हुनेगरी मासिक शुल्क पुरा लिन अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

संस्थागत विद्यालय अनुगमन समितिद्वारा पेश गरेको अनुगमन प्रतिवेदनमा उल्लेख भएका शुल्क लगायत अन्य सवालहरुलाई सुधार गर्नेगरी विद्यालयगत रुपमा निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

तानसेन नगरपालिकाको विधायन समितिवाट मस्यौदा कानून पारित भई पेश हुन आएका देहाय बमोजिमका कानून पारित गर्न नगरसभामा पेश गर्ने निर्णय गरियो ।

१. तानसेन नगरपालिकाको स्थानीय वन विधेयक, २०७७ ।

२. तानसेन नगरपालिकाको एफ. एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७७ ।

**निर्णय नं. १०**

तानसेन नगरपालिकाको विधायन समितिवाट मस्यौदाको रुपमा निर्णय भई पेश हुन आएका देहाय बमोजिमका नियमावली र कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

१. ता.न.पा.को जलश्रोत नियमावली, २०७७ ।

२. तानसेन नगरपालिकाको लैङ्गीक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ ।

३. तानसेन नगरपालिकाको युवा लक्षित कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ।

**निर्णय नं. ११**

सानिसा परियोजनाहरुको लागि सानिसा समितिबाट स्वीकृत प्रस्ताव मूल्यांकनका आधारहरु (Evaluation Criteria) अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

तानसेन नगरपालिका अन्तर्गत चार वटा विभिन्न आयोजनाहरु सार्वजनीक निजी साझेदारी (सानिसा) मार्फत कार्यान्वयन गर्नको लागि इच्छुक तथा योग्य कम्पनी/संस्थाहरुबाट पेश भएको परिमार्जित प्रस्तावहरु प्रस्ताव मूल्यांकन समितिबाट मूल्यांकन भई सोको आधारमा छनौट गरिएका निम्नानुसारका संस्थाहरुलाई परियोजना कार्यान्वयनको प्रक्रिया अगाडि बढाउने स्वीकृतिको लागि तानसेन नगरपालिका सानिसा समितिबाट कार्यापालिकामा पेश भएकोमा उक्त परियोजना र छनौट भएका संस्थाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**<u>निम्नः</u>**

| क्र. सं | आयोजनाको नाम | छनौट गरिएको कम्पनी/संस्थाको नाम र ठेगाना |
|---|---|---|
| १ | हाईवे रिफरेसमेण्ट निर्माण, सञ्चालन तथा व्यवस्थापन योजना (Highway | एग्रो फरेष्ट्री सर्पोट बैंक प्रा.लि.ता.न.पा तथा इला रिसोर्ट एण्ड रिट्रिड होम प्रा.लि.,तिलोत्तमा रुपन्देही |

डिल्लीराज बेल्वासे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

| | | |
|---|---|---|
| | refreshment center) | जेभी |
| २ | फोहोरमैला व्यवस्थापन | वातावरणीय सुन्दर नेपाल प्रा.लि., बुटवल ७ रुपन्देही |
| ३ | श्रीनगर सौन्दर्यकरण, सञ्चालन तथा व्यवस्थापन आयोजना | प्रनी होल्डिङ्गस,वडा नं. ९, न्युरोड पोखरा, वि.पी.एस. लिजिङ्ग एण्ड म्यानेजमेण्ड प्रा.लि., नयाँबजार पोखरा, सिटीस्क्वायर प्रा.लि. पोखरा जेभी |
| ४ | रानीमहल सञ्चालन तथा व्यवस्थापन | प्राइम एक्सेस प्रा.लि., ललितपुर (छनौट गरिएको प्रथम संस्था) |
| ५ | रानीमहल सञ्चालन तथा व्यवस्थापन | प्रनी होल्डिङ्गस,वडा नं. ९, न्युरोड पोखरा, वि.पी.एस. लिजिङ्ग एण्ड म्यानेजमेण्ड प्रा.लि., नयाँबजार पोखरा, सिटीस्क्वायर प्रा.लि. पोखरा जेभी (छनौट गरिएको बैकल्पिक संस्था) |

**निर्णय नं. १३**

सानिसा समितिबाट गठनं गरिएको निम्नानुसारको सानिसा वार्ता समिति (Dilogue Committee) लाई अनुमोदान गर्ने निर्णय गरियो ।

निम्न :

| | | |
|---|---|---|
| उपप्रमुख, ता.न.पा. | श्री लक्ष्मीदेवी पाठक | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | श्री डिल्लीराज बेल्बासे | सदस्य |
| वित्तीय विश्लेषक | डा. केशरजङ्ग बराल | सदस्य |
| अर्थवीद | डा. रमेश बहादुर मुनानकर्मी | सदस्य |
| चाटर्ड एकाउन्टेन्ट | श्री केशव बस्याल | सदस्य |
| कानूनवीद | श्री | सदस्य |
| बरिष्ठ अधिकृत | श्री दुर्गा बहादुर थापा | सदस्य सचिव |
| त्रिभुवन वहुमुखी क्याम्पस, अर्थशास्त्र विभाग प्रमुख : आमन्त्रीत | | सदस्य |

**निर्णय नं. १४**

सानिसा वार्ता समितिको सिफारिसको आधारमा सानिसा समितिबाट माथी उल्लेखित परियोजनाहरुको लागि छनौट भएका संस्था/कम्पनीसँग समझदारी कार्य (Memorending of Understaining-MOU) र सम्झौता कार्य (Contract Agreement) गर्न स्वीकृतिको लागि अनुरोध भई आएकोमा समझदारी कार्य र सम्झौता कार्य अगाडी बढाउने र नगरपालिकाबाट संझौता गर्ने निर्णय गरियो । यस कार्यको लागि तयार भएको समझदारी पत्र र सम्झौता पत्रको ढाँचा अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

प्रस्ताव मूल्यांकन समिति र वार्ता समितिमा रहने विज्ञ र सम्वन्धित पदाधिकारीहरुको लागि रु.४०००।- (अक्षेरुपी चार हजार मात्र) मा कर कट्टी गरी पारिश्रमीक, यातायात तथा आवासको सुविधा प्रदान गर्ने निर्णय गरियो ।

डिल्ली राज बेल्वासे
प्रमुख प्रशासकिय अधिकृत

तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

**निर्णय नं. १६**

आ.व. २०७७/०७८ मा आर्थिक मामिला तथा योजना मन्त्रालय, लुम्बिनी प्रदेश, बुटवलबाट तपशीलको समपुरक अनुदान कार्यक्रमहरुको बोलपत्र मध्यमबाट घटाघट भई बचत भएको रकमबाट सोही सडकहरुको लागत अनुमान गरी बोलपत्र माध्यमबाट कार्य अगाडी बढाउने निर्णय गरीयो ।

**तपशील**

१) सडक स्तरोन्नती कार्य ( गैरागाँउ-धुबघाट सडक) तानसेन-१, पाल्पा ।
२) सडक सुधार कार्य (धुवघाट-चिलाङ्गदी सडक) तानसेन, १, पाल्पा ।
३) सडक सुधार कार्य (दमकडा-आरुखर्क सडक) तानसेन, ९, पाल्पा ।
४) सडक सुधार कार्य (सेतीपोखरी-गणसाल-बृन्दावन-बडहरबोट सडक) तानसेन ५ र १०, पाल्पा ।

**निर्णय नं. १७**

तानसेन नगर कार्यपालिकाको ठेक्का नं. TM/PLP/W/NCB/02/075-076 फ्ल्याग स्टोन बिछ्याउने कार्यको (भगवती मन्दिर उत्तर गेट, शित्तलपाटी क्षेत्र, तेर्सो सडक, हुलाक, हुँदै NIC ASIA BANK सम्मको सडक) सम्झौता बमोजिम केही फ्ल्याग स्टोनको मोटाई स्पेसिफिकेसन बमोजिम नभएकोले अन्तिम भुक्तानी के कसरी दिन मिल्ने नमिल्ने विषयलाई समाधान गर्न सो सम्बन्धी विज्ञता भएको विज्ञ नियुक्त गरी विज्ञको सल्लाह बमाजिम कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १८**

तानसेन नगरपालिका वडा नं. ७ र १० मा संचालित प्रभास सहलगानी खानेपानी आयोजनाको लागि ऋण उपलव्ध गराउन नगर विकास कोषमा नगरपालिकाको धन जमानी बस्नेगरी नगर प्रमुखलाई अख्तियारी दिने र उक्त आयोजनाको अनुमोदनको लागि ८औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

तानसेन नगरपालिका वडा नं. ११ को वडा सदस्य श्री भीमा गहतराज विगत लामो समय देखि क्यान्सर रोगवाट पिडित भएकोले निंजलाई उपचार खर्च वापत नगरपालिकाको तर्फबाट रु.५०,०००। ( पचास हजार मात्र) कोभिड –१९ विशेष कार्यक्रमवाट आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

**निणय नं. २०**

तानसेन नगरपालिका वडा नं. १३ र १४ मा पर्ने कालीगण्डकी नदिको सपलक वगर सिदुर्दिघाट, वेलघारी घाट, अर्तुङ्गा वगर र छतिवन वगरको नदिजन्य पदार्थ व्यवस्थापनको लागि तेश्रो पटक सम्म सूचना आव्हान गर्दा समेत ठेक्का वन्दोवस्त हुन नसकेकोले देहाय बमोजिमको न्यनतम् अंक निर्धारण समिति गठन गरी सो समितिले निर्धारण गरेको अंकवाट वढावढ हुनेगरी ईच्छुक व्यक्ति तथा फर्मलाई पत्राचार गरी ता.न.पा. को खरिद ईकाईको रोहवरमा प्रत्यक्ष डाक वोलकवोलको माध्यमवाट ठेक्का वन्दोवस्त गर्ने निर्णय गरियो ।

**देहाय**

| | |
|---|---|
| राजश्व परामर्श समितिका संयोजक | संयोजक |
| सम्बन्धित वडाका वडा अध्यक्ष | सदस्य |
| कोलेनिका प्रमुख | सदस्य |
| ता.न.पा लेखा शाखाका प्रमुख | सदस्य |

**दिल्ली राज बेल्वासे**
**प्रमुख प्रशासकिय अधिकृत**

**नगर प्रमुख**

Scanned with CamScanner

नगर प्रमुख

राजश्व शाखाका प्रमुख सदस्य सचिव

**निर्णय नं. २१**

तानसेन नगरपालिका वडा नं. ८ र ९ अन्तर्गत पर्ने दमकडा, आरुखर्क, देउराली, डिल बहादुर मार्ग हुदै अम्ल्याहान सडक कालोपत्र गर्ने कार्य र तानसेन नगरपालिका वडा नं. १ गोर्खेकोट देखि पिपलडाडा हुदै साताङखोलासम्मको बाटो ग्राभेल गर्नका लागि मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय बुटवलमा लागत अनुमान सहित बजेट व्यवस्थाका लागि सिफारिस गर्ने साथै निर्णय गरियो ।

**निर्णय नं. २२**

तानसेन नगरपालिका वडा नं. २ मा रहेको देववाणी माध्यमिक विद्यालयमा विद्यार्थीको चाप अत्याधिक भई पठन पाठनको कार्य सञ्चालन गर्न कठिनाई भएकोले ता.न.पा. २ अन्तर्गत फूलबारीमा रहेको भवन (टहरा) माग भएको हुँदा विद्यालय स्वयंले उक्त भवन (टहरा) मर्मत सम्भारको जिम्मेवारी लिने गरी ५ (पाँच) बर्षको लागि सञ्चालन गर्नदिने र नगरपालिकालाई आफ्नै प्रयोजनका लागि तत्काल आवश्यक परेको अवस्थामा सूचना भएको २ महिना भित्र फिर्ता गर्ने शर्तमा उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं २३**

तानसेन टुडिखेल स्तरबृद्धि गर्ने क्रममा पाल्पा गोरखदल गणको वेरियर देखि मूलगेटसम्म सेन्ट्रीपोष्ट तथा प्रतिक्षालयमा भत्काउन परेकोले पर्खाल निर्माण सम्पन्न भए पश्चात भत्केका संरचना पुन निर्माण गर्नका लागि गोरखदल गण पाल्पावाट माग भई आएकोले निम्नानुसारका निर्माण सामाग्रीहरु मागमा आधारित शिर्षकवाट खर्च हुनेगरी उपलब्ध गराउने निर्णय गरियो ।

| | |
|---|---|
| क ईट्टा | ३००० गोटा |
| ख सिमेन्ट | ४० वोरा |
| घ टिट्टी/वालुवा | ३ ट्याक्टर |

**निर्णय नं. २४**

तानसेन नगरपालिका वडा नं. १ स्थित युनाइटेड मिशन अस्पतालले कानूनी रुपमा युनाईटेड मिशन टु नेपाल मेडिकल एण्ड डेभलपमेन्ट ट्रष्टको नाममा लुम्विनी प्रदेश, सामाजिक विकास मन्त्रालयमा दर्ता भईसकेको अवस्थामा उक्त अस्पतालले विगत देखि निरन्तर रुपमा दिईदै आएको प्रवेशाज्ञा शुल्क, कर छुट साथै मूल्य अभिबृद्धि कर (VAT) फिर्तालाई निरन्तरता दिन लुम्विनी प्रदेश मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय, सामाजिक विकास मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस माग भई आएकोले लुम्विनी प्रदेश मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय, सामाजिक विकास मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. २५**

बलियो नेपाल न्युट्रिशन ईनिसियटिभ संस्थाले तानसेन नगरपालिका क्षेत्रमा कुपोषण विरुद्धको अभियान कार्यक्रम संचालन गर्न माग भई आएकोले उक्त संस्थालाई तानसेन नगरपालिका वडा नं. ५, ११ र १४ का साथै २ वटा विद्यालयहरु श्री जनता मा.वि र श्री न्यू होराईजन विद्यालय मा न.पा.को कुनै आर्थिक भार नपर्ने गरी छनौट गरी संचालन गर्न दिने निर्णय गरियो ।

नगर प्रमुख

डिल्ली राज बेल्वासे

Scanned with CamScanner

नगर प्रमुख

**निर्णय नं. २६**

तानसेन नगरपालिका वडा नं. ६ स्थित विरेन्द्र फुलवारीको रेखदेख तथा संरक्षण पाल्पा उद्योग वाणिज्य संघवाट हुदै आएकोमा तानसेन नगरपालिकालाई आर्थिक भार नपर्ने गरी एवं ता.न.पा.को सहमती विना सर्वसाधारणवाट समेत कुनै शुल्क नउठाउने शर्तमा फुलवारीको कुनै संरचना नविग्रने गरी आगामी ५ वर्षका लागि रेखदेख तथा संरक्षण गर्न दुई पक्षीय सम्झौता गरि दिने निर्णय गरियो ।

**निर्णय नं. २७**

तानससेन नगरपालिकामा शसर्त अनुदानमा प्राप्त साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट कार्यक्रमको सुचना गरिएकोमा ९ (नौ) वटा आवेदन परेको मध्ये बाखा पकेटका लागि १ वटा मात्र श्री जागृती महिला स्वावलम्वन कृषक समुह ता.न.पा. १२ र कृषि तर्फ ८ वटा मध्य प्रगतीशिल च्याउ उत्पादन कृषक समूह ता.न.पा ७ , १० र मदनपोखरा संगम बहुउद्देश्यीय सहकारी संस्था लि. ता.न.पा ९ लाई छनौट गरी कार्यक्रम अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. २८**

विश्व बैंक र नगरपालिकाको संयुक्त लगानीमा तानसेन नगरपालिका वडा नं. ५ को बन्देवी क्षेत्रमा निर्माण हुने Gas Plant स्थापनाका लागि साविक वन्दीपोखरा गा.वि.स. वडा नं. ४ र ९ को कि.नं. ५५ क्षेत्रफल ४५०–५–३–३ मध्ये ५–५–१–२ र कित्ता नं. २९८ को क्षेत्रफल १०३४–७–०–१ मध्ये ९२–१३–०–३ गरी कूल क्षेत्रफल ९८–२–२–१ जग्गामा उक्त Gas Plant निर्माण गर्ने र सो को लागि आवस्यक विद्यत, खानेपानी र सडक जस्ता भौतिक पुर्वाधारहरु तानसेन नगरपालिकाले निर्माण गर्नेगरी तानसेन नगरपालिका र विश्व बैंकको साझेदारीमा संचालन हुने कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**

तानसेन नगरपालिका र संयुक्त राष्ट्रसंघीय विकास कार्यकम नेपाल बिच २०२० अगष्ट १ मा भएको सम्झौता बमोजिम संचालित कोभिड-१९ प्रतिकार्य सामाजिक तथा आर्थिक युवा उद्यमशीलता कार्यकमको लागि तानसेन नगरपालिंकाको जिम्मेवारीमा परेका क्षमता विकास तथा शिप हस्तान्तरण सम्बन्धी तालिम एवं सुचना प्रविधिसंग सम्बन्धित कियाकलापहरु साथै आय आर्जनका लागि विउ विजन तथा सामाग्री वितरण लगायतका कार्यक्रमहरु संचालन तथा कार्यान्वयन गर्न स्थानीय सेवा प्रदायकसंस्था ग्रामीण आर्थिक विकास संघ(रेडा)संग प्रस्तावना माग गरी ता.न.पा.को प्रचलित नियमको परिधी भित्र रही सम्झौता गरी तोकिएको समयावधी भित्र सबै कार्यकमहरु सम्पादन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ३०**

तानसेन नगरपालिका वडा नं. २, ३ र १४ का वडा अध्यक्षहरु अस्वस्थ भई उपचारमा रहनु भएकोले निज अध्यक्षहरुको सिघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो ।

नगर प्रमुख

**डिल्ली राज बेल्वासे**
**प्रमुख प्रशासकिय अधिकृत**

Scanned with CamScanner